# चुनावी प्रतिबद्धता पत्र

डा. विनोद श्रेष्ठ
उपाध्यक्षको उम्मेदवार
गैरआवासीय नेपाली संघ, ११औं अन्तर्राष्ट्रिय महाधिवेशन, अक्टोवर १७-२०, २०२३, काठमाडौं ।

गैरआवासीय नेपाली संघको अभियान बाह्य तथा आन्तरिक चुनौतीहरुको सामना गर्दै, दुई दशकको वयस्क उमेरमा आफ्नो गन्तव्यमा लम्कदै ११ औं अन्तर्राष्ट्रिय महाधिवेसनको सम्मुखमा आईपुगेको छ । यी चुनौतीहरुलाई सामुहिक पहलकदमीको माध्यमबाट सामना गरी अवसरमा बदल्ने अठोट लिएर, बदलिएको विश्व परिवेशमा दुरदृष्टिकोणको प्राज्ञिक दक्षता र क्षमता भएका व्यक्तित्वहरुको यस अभियानमा खाँचो पर्छ भन्ने विश्वाससहित म यस महाधिवेसनमा आईसीसीको उपाध्यक्षको उम्मेदवारको रुपमा प्र्रस्तुत भएको छु ।

म एक व्यवसायीक पेशाकर्मी ईन्जिनियरको रुपमा विगत करिव डेढ दशकदेखिको अष्ट्रेलिया बसाईको अनुभवहरुलाई सँगाल्दै गैरआवासीय नेपालीसंग रहेको ज्ञान, सीप र प्रविधिलाई नेपालको समृद्धी र रुपान्तरणमा जोड्ने आफ्नो अठोटलाई मूर्तरुप दिने सेतु यस एनआरएनए अभियान हो भन्नेमा दृढ विश्वास गर्छु । यस संस्थालाई अझ परिमार्जन गरी पारदर्शी र स्मार्ट बनाउने, नेपालीका लागि नेपाली अभियानलाई अझ सशक्त बनाउने र गैरआवासीय नेपालीहरुको बदलिएको आवश्यकता र मागलाई पुनःपरिभाषित गरी नेपालमा नेपाली डायसपोराको सहभागिताको अभिवृद्धि गर्दै नेपालको समृद्धी र रुपान्तरणमा योगदान पु¥याउने दृढ निश्चयकासाथ आफ्ना निम्न प्रतिवद्धताहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

१. पारस्परिक साझेदारीबाट सामुहिक रोजगारीको अवसर सिर्जना गर्ने (Collective Employment Opportunities)

गैरआवासीय नेपाली डाक्टर, ईन्जिनियर जस्ता हजारौं दक्ष प्राविधिज्ञहरु संसारका विभिन्न मुलुकहरुमा कार्यरत छन् । तिनीहरुलाई नेपालको प्राविधिज्ञहरुसंग जोडी बिदेशमा प्राप्त ज्ञान, सीप, प्रबिधि र नवप्रवर्तनलाई नेपालमा हस्तान्तरण गर्ने र नेपालको सीप, ज्ञान र प्रविधिलाई बिदेशमा हस्तान्तरण गर्ने कामको लागि एक स्थायी संयन्त्र निर्माण गर्न जरुरी छ । यस्तो संयन्त्रलाई प्राविधिज्ञहरुको भौतिक उपस्थितीमा वा अनलाईनको दूरसेवाको प्रयोग गरी साझा व्यवसाय तथा संगठनहरु सञ्चालन गर्दै नेपालमा यथोचित रोजगारीको अवसरहरुको सृजना गर्ने योजना बनाएको छु ।

२. अन्तर्राष्ट्रिय क्षेत्रमा नयाँ अवसरहरुको खोजी गर्ने (Global Opportunities Exploration)

रेमिटेन्सबाट देशको अर्थतन्त्र चल्नुपर्ने र बैदेशिक रोजगारीबाट बेरोजगारी समस्या हल गर्नुपर्ने हाम्रो जस्तो देशको लागि बदलिँदो परिस्थितीमा बिदेशमा प्राप्त हुने विविध अवसरहरुलाई नयाँ ढंगले खोजी गरिनु जरुरी छ । यसको लागि बिदेश जाने नेपालीहरुको सीप र दक्षतामा अभिवृद्धि गरी नेपालीहरुको प्राथमिक गन्तव्यका देशहरु जस्तै मलेशिया, जापान, दक्षिण कोरिया लगायतका पुर्वी एशिया, मध्यपुर्व, युरोप, अमेरिका, अष्ट्रेलिया, र अफ्रिकी देशहरुमा केन्द्रित गरी नयाँनयाँ अवसरहरुको खोजी गर्ने र त्यसको पहिचान गरी नवीनतम अवसरहरु पत्ता लगाउनु जरुरी हुन्छ । हस्पिटालिटी, बेकरी, फार्मिङ, इण्डष्ट्रि, लजिस्टिक, सप्लाई चेन जस्ता सेवाका नयाँनयाँ क्षेत्रहरुको पहिचान गरी बिकसित देशहरुमा दक्ष कामदारहरु पठाई उनिहरुको आय बृद्धि गर्दै जिवनस्तरको अभिवृद्धि गर्न मद्धत पु¥याउने योजना बनाएको छु ।

३. दक्ष प्राविधिज्ञहरुको अन्तर्राष्ट्रिय सञ्जालको विकास गर्ने (Professional Network Development)

गैरआवासीय दक्ष प्राविधिज्ञहरुको सञ्जाल निर्माण गर्ने, विदेशमा आर्जित ज्ञान, सीप र प्रविधिलाई नेपालसंग जोड्ने र तिनीहरुलाई नेपाल सरकारका ठुला आयोजनाहरुमा प्रत्यक्ष सहभागी गराउने, र गैरआवासीय नेपालीहरुलाई राष्ट्र निर्माणमा योगदान गर्ने व्यवस्था गर्ने, जस्को लागि नेपाली डायसपोरामा विभिन्न प्राविधिज्ञहरुको केन्द्रहरु निर्माण गरी नेपाली प्राविधिज्ञहरुलाई तालिम कार्यक्रमको व्यवस्था गर्ने, साथै नया ग्राजुएटहरुलाई मेण्टरसीपको अवसर प्रदान गर्ने योजना बनाएको छ ।

४. नयाँ व्यवसाय थालनीको लागि समन्वय केन्द्रको स्थापना (Innovation Hub for Startups)

नेपाल वा प्रवासमा नयाँ व्यवसाय थालनी गर्न चाहने नयाँ उद्यमी तथा व्यवसायीहरुलाई सहयोग गर्न समन्वय केन्द्रको स्थापना गर्ने, यस केन्द्रबाट समन्वय गरि नयाँ उद्यमीहरुलाई तालिम, लगानी, र आवश्यक स्रोतसाधनहरुको व्यवस्था गर्न सहयोग गर्ने, र उद्यमशीलताको विकास गरी नेपाल र नेपालीलाई सफल उद्यमी-व्यवसायी बनाउन सघाउने योजना बनाएको छ ।

५. गैरआवासीय नेपाली मैत्री नियम कानूनहरुको निर्माणमा जोड (Advocacy for Policy Change)

गैरआवासीय नेपालीहरु बसोबास गर्ने देशहरुमा गैरआवासीय नेपालीमैत्री नियम-कानूनहरु बनाउन सम्बन्धित सरकारहरु र गैरसरकारी संघसंस्थाहरुसंग आवश्यक सहकार्य गरी काम गर्ने, साथै गैरआवासीय नेपाली उद्यमी तथा व्यवसायीहरुलाई नेपालमा लगानी गर्न र उद्योग तथा व्यवसायहरु संचालन गर्न आवश्यक नियम-कानुनहरुको सहज व्यवस्था पैरवी गर्ने योजना बनाएको छ ।